DEMOCRACY
RESOURCE CENTER

राजनीतिक परिवेश विश्लेषण

# नेतृत्व अनुमोदन, पुस्तान्तरण र आन्तरिक लोकतन्त्र

## नेपाली काँग्रेस र नेकपा (एमाले) को महाधिवेशन

अङ्क २० | फागुन २०८२



राजनीतिक परिवेश विश्लेषण

# नेतृत्व अनुमोदन, पुस्तान्तरण र आन्तरिक लोकतन्त्र

## नेपाली काँग्रेस र नेकपा (एमाले) को महाधिवेशन

अङ्क २० | फागुन २०८२

DEMOCRACY
RESOURCE CENTER

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
ललितपुर

राजनीतिक परिवेश विश्लेषण

# नेतृत्व अनुमोदन, पुस्तान्तरण र आन्तरिक लोकतन्त्र

## नेपाली काँग्रेस र नेकपा (एमाले) को महाधिवेशन

अङ्क २० | फागुन २०८२

*प्रकाशक*
डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
ललितपुर, नेपाल
फोन : ०१-५९०२२८६
इमेल : info@democracyresource.org
www.democracyresource.org

सर्वाधिकार © डीआरसीएन

# विषयसूची


१. परिचय १

२. राजनीतिक सन्दर्भ र महाधिवेशनको आवश्यकता ३

३. महाधिवेशन प्रक्रिया र परिणाम ७

नेकपा (एमाले) एघारौँ राष्ट्रिय महाधिवेशन ७

नेपाली काँग्रेस दोस्रो विशेष महाधिवेशन ८

४. आन्तरिक लोकतन्त्र ११

नेकपा (एमाले) ११

नेपाली काँग्रेस १५

उमेर, लैङ्गिक, जातीय तथा क्षेत्रीय समावेशिता १८

५. निष्कर्ष २३

# १. परिचय

भदौ २३, २०८२ मा भएको जेन-जी विद्रोहले राजनीतिक, प्रशासनिक र संवैधानिक प्रक्रियामा एक साथ प्रश्न उठाएको छ। नयाँ निर्वाचन घोषणापछि जनताको मन र मत जित्नुपर्ने भएकाले पुराना राजनीतिक दलले आफूलाई सच्चिएको या आफू खराब नरहेको देखाउने प्रयास गर्दैछन्।[1] नयाँ दलले भने आफू पुराना दलजस्तो नभएको दाबी गर्दैछन्। साथै, देश विकासको मार्गचित्र आफूसँग भएको भनी नेपाली जनताको विश्वास जित्ने प्रयासमा छन् ती। बलियो बन्नलाई केही दलबीच आपसमा एकीकरण भएको छ भने नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) [नेकपा (एमाले)] ले महाधिवेशन गरी नेतृत्वलाई नवीन अनुमोदन गराएका छन्।

नेकपा (एमाले) को मंसिर २८–पुस २, २०८२ मा सम्पन्न एघारौँ राष्ट्रिय महाधिवेशन र नेपाली काँग्रेसको पुस २७–३०, २०८२ मा सम्पन्न विशेष महाधिवेशनले नेपालका राजनीतिक दलहरूको एजेण्डा, संगठनको संरचना, नेतृत्व परिवर्तन र दलभित्रको आन्तरिक लोकतन्त्रको अभ्यास लगायतका विषयमा एकसाथ बहुकोणबाट बहस शुरू गराइदिए। साथै, यिनले समग्र राष्ट्रिय राजनीतिमा दलहरूको भूमिका र कार्यशैलीबारे गहिरो विमर्शको आधारसमेत निर्माण गरिदिए। यही पृष्ठभूमिमा यो राजनीतिक परिवेश विश्लेषणले यी दुई महाधिवेशनलाई आन्तरिक लोकतन्त्र, एजेण्डा सेटिङ र नेतृत्व परिवर्तनको दृष्टिकोणबाट केलाउने प्रयास गरेको छ। दलभित्रको लोकतान्त्रिक अभ्यास सुदृढ नहुँदासम्म समग्र लोकतान्त्रिक शासन प्रणाली कमजोर रहने यथार्थलाई दृष्टिगत गर्दै, यस विश्लेषणले महाधिवेशनले दिएको सन्देश र तिनले नेपाली राजनीतिमा पार्ने प्रभावमाथि विमर्श अघि बढाउने उद्देश्य राखेको छ।

[1] नेपालमा लामो ऐतिहासिक विरासत बोकेका दलदेखि लिएर प्रतिनिधिसभा निर्वाचन २०८२ को सँघारमा गठन भएका दलहरू छन्। यो परिवेश विश्लेषणमा २०७९ साल यता गठन भएका दललाई नयाँ भनिएको हो। पुरानै दलहरू एकीकृत भई नयाँ दल बनाए पनि तिनलाई भने यहाँ पुरानै दल मानिएको छ।

यस विश्लेषणका लागि दुवै दलका महाधिवेशनस्थलका गतिविधि प्रत्यक्ष अवलोकन गरिएको थियो । साथै, दलका केही प्रतिनिधि तथा राजनीतिक विश्लेषकसँग कुराकानी गरिएको थियो । दलका आधिकारिक दस्तावेज र मिडियाका सामग्रीलाई पनि विश्लेषणका लागि उपयोग गरिएको थियो ।

## २. राजनीतिक सन्दर्भ र महाधिवेशनको आवश्यकता

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले भदौ १९, २०८२ मा नेपालमा दर्ता नभएका फेसबुक, ह्वाट्सएप, युट्युबसहित २६ सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालनमा प्रतिबन्ध लगाउने निर्णय सार्वजनिक गऱ्यो। सरकारले उक्त निर्णय साइबर अपराध नियन्त्रण र सर्वोच्च अदालतको निर्देशन कार्यान्वयनका लागि आवश्यक भएको दाबी गरे पनि, नागरिक समाज, सञ्चार माध्यम र युवा समूहहरूले यसलाई अभिव्यक्ति स्वतन्त्रता सीमित गर्ने कदमका रूपमा बुझे।[२] त्यसबाहेक राजनीतिक वितृष्णाले युवा समूहसँग आक्रोश पनि सँगालिएर बसेको थियो र त्यही आक्रोश विस्फोट हुने बहाना बन्यो सामाजिक सञ्जाल प्रतिबन्ध।

राजनीतिक दलका नेता र तिनका सन्तानको विलासी जीवन एकातिर थियो भने देशमा भ्रष्टाचार र बेथितिका अनेकौँ उदाहरणले नेपाली जनजीवन आक्रान्त बनेको थियो। निर्वाचन जित्न एक दलले अर्को दलसँग गठबन्धन गर्ने अनि सरकार बनाउन अझ अर्कोसँग गठबन्धन गर्ने र नेताहरू चक्रीय प्रणालीमा सत्तारोहण गर्ने शृङ्खला चलिरहेको थियो। सार्वजनिक नियुक्तिहरूमा दलहरूबीच भागबण्डाको राजनीति चलेकै थियो। शासनसत्तामा नेपाली काँग्रेस, नेकपा (एमाले) र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) [नेकपा (माओवादी केन्द्र)] जस्ता पुराना दलका नेताको चक्रीय पदस्थापन र त्यससँगै जोडिएका भ्रष्टाचार एवं कुशासनका मुद्दाले नागरिकमा समग्र व्यवस्थाप्रति नै निराशा जागेको थियो। आफूलाई वैकल्पिक राजनीतिक शक्ति दावी गर्ने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापतिसमेत पहिला नागरिकता र पछि सहकारी ठगीको विवादमा मुछिएपछि त्यस्तो नैराश्य झन् बढेको थियो। यी सबै निराशा र आक्रोशको विस्फोटका रूपमा जेन-जी विद्रोह हुन पुग्यो।

जेन-जी आन्दोलन, प्रहरी कारबाही र त्यसपछि भड्किएको हिंस्रक आगजनी तथा तोडफोडका क्रममा ६ दर्जनभन्दा बढी मानिसको ज्यान गयो भने २,००० जना घाइते भए।

---

[२] कान्तिपुर। २०८२। सामाजिक सञ्जालमाथि प्रतिबन्ध : लोकतन्त्रको आत्मामाथिकै प्रहार। भदौ २२। https://ekantipur.com/pathakmanch/2025/09/07/ban-on-social-media-a-blow-to-the-very-soul-of-democracy-33-09.html मा उपलब्ध; माघ १८, २०८२ मा हेरिएको।

अर्बौंको भौतिक क्षति भयो । अन्ततः आन्दोलनको दोस्रो दिन तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली सत्ता छाड्न बाध्य भए । राष्ट्रपति रामचन्द्र पौडेलले भदौ २७, २०८२ मा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्री नियुक्त गरे । कार्की नेतृत्वको अन्तरिम सरकारले फागुन २१, २०८२ मा प्रतिनिधिसभा सदस्य निर्वाचन गर्ने निर्णय गर्दै देशलाई पुनः निर्वाचन प्रक्रियातर्फ लैजाने जिम्मेवारी लियो ।

बदँलिदो राजनीतिक परिस्थितिमा आफ्नो महत्ता र सान्दर्भिकता कायम राख्नलाई राजनीतिक दलहरूले नीति र नेतृत्व परिवर्तन गर्न आवश्यक देखिएको थियो । जेन-जी आन्दोलनमा उमेर समूहको मुद्दा पनि प्रखर भएका कारण राजनीतिक दलहरूको नेतृत्वमा पुस्तान्तरणको बहस सशक्त बन्यो । झन् निर्वाचन नजिकिँदै गर्दा कसको नीति र नेतृत्व विश्वसनीय भनी जनताले परख गरिरहेको बेलामा दलहरूलाई आफू अब्बल साबित गर्नुपर्ने चौतर्फी दबाब थियो ।

दलभित्र नीति र नेतृत्व परिवर्तन गर्ने माध्यम महाधिवेशन हो । निर्वाचन घोषणा हुँदा नेपाली काँग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र रास्वपा नियमित महाधिवेशन गर्नुपर्ने अवधिमा पुग्दै गरेका थिए भने नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) का लागि एक वर्ष बाँकी थियो । लामो समयदेखि दलको नेतृत्व गरेका तत्कालीन नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालले जेन-जी आन्दोलनप्रति नरम अभिव्यक्ति दिएका थिए । पुस २०७८ मा अघिल्लो महाधिवेशन गरेको उनको दलको महाधिवेशन विधानतः पुस २०८३ मा गर्दा हुन्थ्यो । जेन-जी विद्रोहअघि नै नेतृत्व हस्तान्तरणको दबाब खेपिरहेका अध्यक्ष दाहालले असोज ९ र १० गते केन्द्रीय समिति बैठक डाकेका थिए । उक्त बैठकले केन्द्रीय समिति विघटन गर्दै २०८२ मंसिरमा विशेष महाधिवेशन गर्ने घोषणा गरेको थियो ।[३] बैठकमा केही नेताहरूले विशेष महाधिवेशन सम्मका लागि समेत नेतृत्व परिवर्तन गर्नुपर्ने धारणा राखे पनि बहुमत सदस्यले दाहाललाई नै संयोजक तोकेका थिए ।

अन्तत: नेकपा (माओवादी केन्द्र) को केन्द्रीय समितिले समाजवादी मोर्चाका दलहरूसँग एकताको पहल गर्ने निर्णय गऱ्यो ।[४] मंसिरमा एकता महाधिवेशन वा विशेष महाधिवेशन

---

[३] काफ्ले, पर्शुराम । २०८२ । माओवादी केन्द्रीय समिति भंग, मंसिरमा विशेष महाधिवेशन । *नयाँ पत्रिका*, असोज ११ । https://www.nayapatrikadaily.com/news-details/178687/2025-09-27 मा उपलब्ध; माघ १८, २०८२ मा हेरिएको ।

[४] असार ४, २०८० मा नेपालका चार वामपन्थी राजनीतिक दलहरू नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी, नेपाल र नेपाल कम्युनिष्ट पार्टीबीच राजनीतिक गठबन्धन

कुन हुने भन्ने बहस चलिरहँदा समाजवादी मोर्चाका दलहरू तथा अन्य वामपन्थी शक्तिसँग एकता सम्पन्न भयो । यससँगै माओवादीभित्र महाधिवेशन र नेतृत्व परिवर्तनसम्बन्धी बहस टुंगियो र दाहाल हाल नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजकका रूपमा स्थापित भएका छन् । नेतृत्व हस्तान्तरण र दलको पुनर्गठनबारे प्रखर आवाज उठाउने जनार्दन शर्मा नै बरु यस समूहबाट बाहिरिएर नयाँ दल – प्रगतिशील लोकतान्त्रिक पार्टी गठन गर्न पुगे । नेकपा (एकीकृत समाजवादी) का माधवकुमार नेपालले पनि आफ्नो दीर्घकालीन नेतृत्व अविच्छन्न राख्दै नेकपामा सहसंयोजक बने ।

पहिला नागरिकता र पछि सहकारीसम्बन्धी विवादमा रास्वपा सभापति रवि लामिछाने तानिए । सोही कारण उनी जेलसमेत पुगे । सहकारीसम्बन्धी मुद्दामा सफाइ नपाउँदासम्म दलको नेतृत्व लिनु हुँदैन भन्ने मतका बाबजुद उनले नेतृत्व छोडेका छैनन् । अन्य नेताले दललाई नेतृत्व दिएर अघि बढ्ने साहस पनि नदेखाएकाले उनी जेल परेपछि पूर्वनिर्धारित महाधिवेशन सारियो । स्थापनाको करिब चार वर्ष पुग्दै गर्दासमेत रास्वपाको एउटा पनि महाधिवेशन भएको छैन । वैशाख अन्त्य, २०८२ मा पहिलो महाधिवेशन गर्ने घोषणा भए पनि चैत २०८१ मा रवि लामिछाने पक्राउ परेपछि त्यसलाई फागुन २०८२ का लागि सारिएको थियो । जेन-जी विद्रोहपछि उक्त दलका केन्द्रीय सदस्य सन्तोष परियारले 'अर्ली' महाधिवेशन र दल पुनर्गठनको प्रस्ताव गरेका थिए । तर त्यसको सुनुवाइ नभएपछि अन्ततः उनी आफै दल त्याग गरेर प्रगतिशील लोकतान्त्रिक पार्टीमा पुगे ।[५]

राप्रपाको केन्द्रीय समितिको निर्धारित अवधि सकिनै लाग्दा जेन-जी विद्रोहअघि नै महाधिवेशनको माग उठेको थियो । तर विद्यमान असाधारण परिस्थितिमा आगामी निर्वाचनपछि मात्रै महाधिवेशन गर्ने गरी अहिले केन्द्रीय समिति लगायत सबै तहका समितिको म्याद ६ महिना थपिएको छ ।[६] निर्वाचनअघि नै नेतृत्वको आन्तरिक अनुमोदन गर्ने काम

---

गरी समाजवादी मोर्चा बनाइएको थियो । पछि महिन्द्र राय यादव नेतृत्वको नेपाल समाजवादी पार्टी पनि यसमा जोडिएको थियो भने नेपाली कम्युनिष्ट पार्टी अलग्गिएको थियो ।

[५] सेतोपाटी । २०८२ । सन्तोष परियारले रास्वपा केन्द्रीय समितिमा राखे अर्ली महाधिवेशन र पार्टी पुनर्गठन प्रस्ताव । असोज ८ । https://www.setopati.com/politics/370158 मा उपलब्ध; माघ ५, २०८२ मा हेरिएको ।

[६] नयाँ पत्रिका । २०८२ । राप्रपा महाधिवेशन चुनावपछि, सबै निकायको म्याद ६ महिना थप । मंसिर १२ । https://www.nayapatrikadaily.com/news-details/182635/2025-11-28 मा उपलब्ध; माघ ५, २०८२ मा हेरिएको ।

सजिलो थिएन। त्यसैले अधिकांश दलहरू यसतर्फ उदासीन देखिए। यद्यपि नेकपा (एमाले) र नेपाली काँग्रेसले भने महाधिवेशन गरे।

नेकपा (एमाले) को दशौँ महाधिवेशन मंसिर २०७८ मा भएकाले, विधानतः नियमित महाधिवेशन हुन अझै एक वर्ष बाँकी थियो। विगतमा राजनीतिक दलहरूले नियमित समय तालिकाअनुसार महाधिवेशन नगर्ने मात्र होइन, विशेष कारण देखाएर ६ महिनासम्म महाधिवेशन सार्न पाउने कानूनी व्यवस्थासमेत बेवास्ता गर्दै आएका दृष्टान्त छन्। तर यसपटक नेकपा (एमाले) ले देशको विषम राजनीतिक परिस्थितिलाई आत्मसात् गर्दै नियमित अवधिभन्दा एक वर्षअगावै व्यवस्थित र शान्तिपूर्ण ढङ्गले महाधिवेशन सम्पन्न गऱ्यो। भदौ २३ र २४ का घटनाले उठाएका प्रश्नहरू सम्बोधन गर्दै दललाई अद्यावधिक गर्न समय पुग्नुअगावै महाधिवेशन गरेको भनियो।[७] नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीलाई नेतृत्व छोड्न संस्थापन इतर समूहले तीव्र दबाब दिएको थियो। सो दबाबलाई मत्थर गर्न एघारौँ महाधिवेशन गराइएको थियो।

नेपाली काँग्रेसमा पनि दुई महामन्त्री गगनकुमार थापा र विश्वप्रकाश शर्माले निर्वाचनअघि नै दलको नेतृत्व परिवर्तन हुनुपर्ने अडान लिए। तर सभापति शेरबहादुर देउवा पक्षसहित दलका विभिन्न शक्तिशाली गुटले तिनको प्रस्ताव अस्वीकार गरेपछि तिनले विशेष महाधिवेशन गराए।

---

[७] अनलाइनखबर। २०८२। 'एमालेमा अब युवा, वयस्क र प्रौढ तीन पुस्ताको नेतृत्व निर्माण हुन्छ' [सूर्य थापासँगको अन्तरवार्ता]। मंसिर २५। https://www.onlinekhabar.com/2025/12/1825292/uml-will-now-build-three-generations-of-leadership-youth-adults-and-the-elderly मा उपलब्ध; माघ १०, २०८१ मा हेरिएको।

## ३. महाधिवेशन प्रक्रिया र परिणाम

राजनीतिक दलका महाधिवेशनले नेतृत्वको वैधता, आन्तरिक शक्ति सन्तुलन, नयाँ पुस्ताको सहभागिता र लोकतान्त्रिक अभ्यासको स्थिति उजागर गर्ने भएकाले तिनको प्रक्रिया र परिणामको चर्चा उत्तिकै अर्थपूर्ण रहन्छ ।

### *नेकपा (एमाले) एघारौँ राष्ट्रिय महाधिवेशन*

नेकपा (एमाले) को एघारौँ राष्ट्रिय महाधिवेशन मंसिर २७ देखि पुस ३, २०८२ सम्म भक्तपुर र काठमाडौँमा सम्पन्न भयो । जेन-जी विद्रोहपछि दलले आयोजना गरेको पहिलो ठूलो सार्वजनिक राजनीतिक कार्यक्रम थियो यो । यसमा देशभरबाट २,२६३ प्रतिनिधि सहभागी थिए, जसमध्ये २,२२७ जनाले मतदान गरे । १९ पदाधिकारीका लागि केपी शर्मा ओली र ईश्वर पोखरेलका दुई प्यानलबाट ३८ जना तथा अन्य ४ जना गरी कुल ४२ जनाले उम्मेदवारी दिएका थिए । तीमध्ये एक जनाले उम्मेदवारी फिर्ता लिएपछि ४१ जना प्रतिस्पर्धामा उत्रिएका थिए । ३०१ सदस्यीय केन्द्रीय कमिटीका लागि ६४२ उम्मेदवार थिए ।

कुल मतको झन्डै ७५ प्रतिशत मत प्राप्त गरी अध्यक्षमा केपी शर्मा ओलीले ईश्वर पोखरेललाई पराजित गरे । यो ओलीको तेस्रो कार्यकाल थियो । महासचिवमा ओली निकट शंकर पोखरेलले सुरेन्द्र पाण्डेलाई हराए । पदाधिकारीतर्फ ओली प्यानलको प्रभुत्व स्पष्ट थियो । १९ मध्ये १७ पद ओली पक्षले जित्यो, जबकि पोखरेल प्यानलबाट मात्र दुई जना (उपाध्यक्ष गोकर्णराज विष्ट र उपमहासचिव योगेश भट्टराई) विजयी भए ।[८]

उपाध्यक्षमा पृथ्वी सुब्बा गुरुङ, विष्णु प्रसाद पौडेल, रामबहादुर थापा ‘बादल’, गोकर्णराज विष्ट र रघुजी पन्त निर्वाचित भए भने उपमहासचिवमा लेखराज भट्ट, रघुवीर महासेठ र योगेश

---

[८] कान्तिपुर । २०८२ । एमालेको १९ पदाधिकारीमा ओली प्यानल हाबी, पोखरेल पक्षका दुई जना मात्रै निर्वाचित । पुस ३ । https://ekantipur.com/politics/2025/12/18/oli-panel-dominates-among-19-uml-office-bearers-only-two-from-pokharels-side-elected-53-16.html मा उपलब्ध; माघ ५, २०८२ मा हेरिएको ।

भट्टराई चुनिए । सचिवमा निर्वाचित महेश बस्नेत, पद्मा कुमारी अर्याल (एकमात्र महिला पदाधिकारी), छविलाल विश्वकर्मा, शेरधन राई, हिक्मतकुमार कार्की, खगराज अधिकारी, यामलाल कँडेल, राजन भट्टराई र भानुभक्त ढकाल सबै ओली प्यानलका थिए ।

यो परिणामले ओलीको संगठनात्मक र रणनीतिक प्रभुत्वलाई थप सुदृढ बनाएको छ । विधान महाधिवेशनबाट पारित भएको कुरालाई केन्द्रीय समितिभित्रको बहुमतको दम्भमा, केन्द्रीय महाधिवेशनको मुखैमा आफ्नो अनुकूल संशोधन गर्नु वा गराउनु दलभित्रको आन्तरिक लोकतन्त्रको धज्जी उडाउनु हो । नेकपा (एमाले) को विधान महाधिवेशनबाट पारित १५ पदाधिकारी र २५१ केन्द्रीय कमिटी सङ्ख्यालाई केन्द्रीय कमिटी बैठकबाट उल्ट्याएर पदाधिकारी संख्या १९ र कमिटी ३०१ कायम गरियो । यसबाट ओलीले आन्तरिक आकांक्षी व्यवस्थापन र समूह सुदृढीकरणमा सफलता पाएको देखिन्छ ।[९] वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल पक्षको असन्तुष्टिबीच अध्यक्ष केपी शर्मा ओलीले केन्द्रीय कमिटीले निर्णय गरेको विधान संशोधन प्रस्ताव बन्दसत्रमा प्रस्तुत गरेका थिए । महाधिवेशन प्रतिनिधिले प्रस्तुत विधान अनुमोदन गरेका थिए ।[१०] केन्द्रीय कमिटीले निर्णय गरेको विधान संशोधन बहुमत प्रतिनिधिबाट पारित हुनु स्वयं ओलीको सङ्गठनमाथि पकडको प्रमाण बन्यो ।

समग्रमा, महाधिवेशनले जेन-जी विद्रोहजस्ता बाह्य चुनौतीपछि दलको आन्तरिक एकता र ओली नेतृत्वको निरन्तरतालाई पुष्टि गऱ्यो । तर ओली इतर समूहको उच्च मतान्तर र पदाधिकारीमा न्यून प्रतिनिधित्वले आन्तरिक असन्तुष्टि, पुस्तान्तरण र लोकतान्त्रिक अभ्यासको मुद्दालाई दीर्घकालीन चुनौतीका रूपमा छोडेको छ ।

## *नेपाली काँग्रेस दोस्रो विशेष महाधिवेशन*

नेपाली काँग्रेसको दोस्रो विशेष महाधिवेशन पुस २७–३०, २०८२ काठमाडौँमा सम्पन्न भयो । पहिलो विशेष महाधिवेशन २०१४ सालमा सुवर्ण शमशेरको नेतृत्वमा बीपी कोइरालालाई सभापति बनाउन गरिएको थियो । जेन-जी विद्रोहपछि दलभित्र नेतृत्व परिवर्तन, संगठनात्मक सुधार र जनविश्वास पुनःस्थापित गर्ने माग तीव्र भएपछि यो महाधिवेशन आयोजना भयो ।

---

[९] सेतोपाटी । २०८२ । ईश्वर पोखरेल पक्षको विरोधबीच एमालेमा ब्युँत्याइयो पुरानै विधान । मंसिर २८ । https://www.setopati.com/politics/376691 मा उपलब्ध; माघ ५, २०८२ मा हेरिएको ।

[१०] बीसी, गंगा । २०८२ । एमाले महाधिवेशनको बन्द सत्रबाट संशोधित विधान पारित । *कान्तिपुर*, मंसिर २८ । https://ekantipur.com/politics/2025/12/14/uml-general-convention-passes-revised-statute-in-closed-session-00-31.html मा उपलब्ध; माघ ५, २०८२ मा हेरिएको ।

नेकपा (एमाले) ले सोही विषम परिस्थितिमा महाधिवेशन सम्पन्न गरिसक्दा, देशकै सबैभन्दा पुरानो र आफूलाई लोकतान्त्रिक दल दाबी गर्ने नेपाली काँग्रेस भने नियमित महाधिवेशन गर्ने कि विशेष महाधिवेशनमा जाने भन्ने विषयमा लामो समय अलमलिरह्यो । विधानतः नियमित महाधिवेशन मंसिर २०८२ मा हुनुपर्ने थियो । दुई महामन्त्री गगनकुमार थापा र विश्वप्रकाश शर्मा यथास्थितिमा प्रतिनिधिसभा निर्वाचनमा जनताबीच जान नसकिने हुनाले नेतृत्व परिवर्तन गर्न नियमित महाधिवेशन गर्नुपर्ने पक्षमा थिए । तर तिनको प्रस्ताव सभापति शेरबहादुर देउवा पक्षसहितको शक्तिशाली गुटले अस्वीकार गऱ्यो । चुनावअघि नियमित महाधिवेशन गर्दा दलमा विग्रह आउने र त्यसले प्रतिनिधिसभा निर्वाचन २०८२ को परिणामलाई नै नकारात्मक असर पार्ने तर्क महामन्त्री इतर पक्षको थियो । शेखर कोइरालाको समूहसमेत त्यही तर्कसहित संस्थापन पक्षसँग मिल्न पुगेपछि विशेष महाधिवेशन अत्यन्तै चुनौतीपूर्ण बनेको थियो ।

असोज अन्त्यमा २,४८८ जना (५४.५८%) महाधिवेशन प्रतिनिधिको हस्ताक्षरसहित विशेष महाधिवेशनको माग गर्दै निवेदन दर्ता गरिएको थियो । नेपाली काँग्रेसको विधानको १७ (२) मा केन्द्रीय महाधिवेशनका ४० प्रतिशत सदस्यले विशेष कारण खुलाई केन्द्रसमक्ष लिखित अनुरोध गरेर निवेदन परेको तीन महिनाभित्र विशेष केन्द्रीय महाधिवेशन बोलाउनुपर्ने व्यवस्था छ । सभापति शेरबहादुर देउवा जेन-जी आन्दोलनका क्रममा सांघातिक हमलामा परेपछि केन्द्रीय बैठकमा अनुपस्थित रहे, उपसभापति पूर्णबहादुर खड्काले कार्यवाहक भूमिका निर्वाह गरे । विशेष अधिवेशनको निवेदन परेपछि त्यसो नगरी बरु नियमित अधिवेशन नै गर्ने भनेर प्रक्रिया अघि बढाइयो । तर पुस १८, २०८२ मा केन्द्रीय समितिले नियमित महाधिवेशन गर्ने प्रक्रिया थालेकाले विशेष अधिवेशनको औचित्य नरहेको र क्रियाशील सदस्यता नवीकरण तथा नयाँ सदस्यता वितरण नसकिएकाले निर्वाचनअघि नियमित महाधिवेशन नभ्याइने हुँदा वैशाख २०८३ मा गर्ने निर्णय गऱ्यो ।[११]

तल्लो तहमा अधिवेशन शुरू हुन नसकेपछि महामन्त्रीद्वयले नियमित महाधिवेशन स्थगित गरी पुस २७–३०, २०८२ मै विशेष महाधिवेशनमा जाने घोषणा गरे । महाधिवेशनमा ४,७४३ कुल प्रतिनिधिमध्ये २,६६२ (५६.१२%) सहभागी भए, जसले वैधानिकता स्थापित गऱ्यो ।[१२] देउवा पक्षले बहिष्कार गरे पनि बन्द सत्रमा विशेष केन्द्रीय महाधिवेशन कार्यविधि–२०८२

---

[११] नेपाली काँग्रेस । २०८२ । नेपाली काँग्रेस केन्द्रीय कार्यसम्पादन समितिको २०८२ पुस १८ गते बसेको बैठकको निर्णयहरू । पुस १८ । https://www.nepalicongress.org/single/press-release/nc-cwc-meeting-decision-2082.09.18 मा उपलब्ध, माघ २३, २०८२ मा हेरिएको ।

[१२] कान्तिपुर । २०८२ । काँग्रेसको विशेष महाधिवेशनमा ५६.१२ प्रतिशत प्रतिनिधि सहभागी, कुन प्रदेशबाट कति ? पुस २७ । https://ekantipur.com/politics/2026/01/11/5612-percent-of-

पारित गरी केन्द्रीय कार्यसमिति विघटन गरियो। अन्तिममा निर्विरोध नेतृत्व चयनमार्फत नयाँ केन्द्रीय समिति बन्यो। गगनकुमार थापा सभापति भए भने उपसभापतिमा विश्वप्रकाश शर्मा र पुष्पा भुसाल, महामन्त्रीमा प्रदीप पौडेल र गुरुराज घिमिरे निर्वाचित भए। तर संस्थापन पक्षले यसलाई अस्वीकार गर्दै निर्वाचन आयोगमा निवेदन दियो। निर्वाचन आयोगले बहुमत प्रतिनिधि सहभागी भएको आधारमा गगनकुमार थापा नेतृत्वको समितिलाई मान्यता दियो। त्यसपछि देउवा पक्षले सर्वोच्च अदालतमा रिट दायर गरे। दुई पक्षबीच ध्रुवीकरण र मुठभेडको जोखिमसमेत देखिए पनि लगत्तै निर्वाचनको उम्मेदवारी मनोनयन र निर्वाचनका अन्य प्रक्रिया शुरू भइहालेकाले तनावको स्थिति मत्थर भएको थियो।

समग्रमा, चुनौती र विवादबीच विशेष केन्द्रीय महाधिवेशन सम्पन्न भयो। नेपाली काँग्रेसको विधानअनुसार ४० प्रतिशत केन्द्रीय सदस्यले केन्द्रीय महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्रसमक्ष लिखित अनुरोध गरेमा निवेदन परेको तीन महिनाभित्रमा विशेष केन्द्रीय महाधिवेशन बोलाउनुपर्ने हुन्छ। तर त्यहाँ यस्तो महाधिवेशन कसले आह्वान गर्ने भनेर स्पष्ट तोकिएको छैन। केन्द्रीय समितिमा आफ्नो बहुमत भएको र उक्त समितिको निर्णयविना विशेष केन्द्रीय महाधिवेशन बोलाउन सकिदैन भन्नेमा देउवा पक्ष देखिन्थे। तर विधानकै धारा २७ (१) मा भने नेपाली काँग्रेसको केन्द्रीय कार्यालय महामन्त्रीको मातहत रहनेछ भन्ने बुँदा भएकाले महामन्त्रीद्वयले विशेष महाधिवेशन अघि बढाए। राजनीतिक विश्लेषक तुलानारायण साहका अनुसार दुई महामन्त्री एक ठाउँमा नभई दुई खेमामा विभाजित भएका हुन्थे भने पनि यो विशेष महाधिवेशन सम्भव थिएन।[१३] एक महामन्त्रीले महाधिवेशन आह्वान गर्दा अर्कोले त्यसको विरोधमा पत्राचार गर्न सक्थे। त्यसैले निकै असहजता र चुनौतीको अवस्थामा यो विशेष महाधिवेशन भएको थियो।

---

delegates-participate-in-congress-special-general-convention-15-36.html मा उपलब्ध; माघ २३, २०८२ मा हेरिएको।

[१३] साहसँग माघ १६, २०८२ मा गरिएको कुराकानी।

## ४. आन्तरिक लोकतन्त्र

राजनीतिक दलको नीति-निर्माण, नेतृत्व चयन र संगठनात्मक अभ्यासका लागि लोकतान्त्रिक थलो नै महाधिवेशन हो । *नेपालको संविधान २०७२* र *राजनीतिक दलसम्बन्धी ऐन २०७३* ले दलभित्र नियमित निर्वाचन, प्रतिस्पर्धा, समावेशिता, फरक मतको सम्मान र संस्थागत निर्णय प्रक्रियालाई लोकतन्त्रको आधार मानेका छन् । त्यसैले महाधिवेशन केवल नेतृत्व अनुमोदनको औपचारिक माध्यम होइन, विचार र नीति-निर्माणको केन्द्रसमेत हो यो । आवधिक महाधिवेशनको समय आइपुग्दा र झन् जेन-जी आन्दोलनपछि नेतृत्व अनुमोदनका लागि त्यसको आवश्यकता टड्कारो देखिँदा पनि दलहरूले महाधिवेशन नगराउनुलाई अलोकतान्त्रिक कदम नै मान्नुपर्छ । तर नेकपा (एमाले) र नेपाली काँग्रेसले भने महाधिवेशन गरेका छन् । यहाँ तिनले गरेका महाधिवेशनलाई दलको आन्तरिक लोकतन्त्रको आलोकमा चर्चा गरिनेछ ।

### *नेकपा (एमाले)*

केन्द्रीय कमिटीको कार्यकाल एक वर्ष बाँकी रहँदै नयाँ राजनीतिक सन्दर्भमा महाधिवेशन गरी निर्वाचनमार्फत नयाँ नेतृत्व चयन गर्ने नेकपा (एमाले) को अभ्यास सकारात्मक देखिन्छ । जेन-जी आन्दोलनपछि बदलिएको राजनीतिक परिवेशलाई स्वीकार्दै नेतृत्व अनुमोदनका लागि महाधिवेशन गराउने नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीको कदम पनि प्रशंसनीय नै हो । छोटो र प्रतिकूल समयमा समेत जिल्लास्तरमा आन्तरिक प्रतिस्पर्धा गराई निर्वाचनमार्फत महाधिवेशन प्रतिनिधि छनोट गर्नु, निर्वाचनबाटै केन्द्रीय कमिटी गठन गर्नु र सहमतिका नाममा नेतृत्वले पदाधिकारी नछान्नु जस्ता गतिविधिले दलमा सबल आन्तरिक लोकतन्त्रको संकेत दिएका थिए । तर महाधिवेशनका क्रममा भएका अन्य निर्णय र क्रियाकलापले यी सकारात्मक पक्षलाई क्रमशः ओझेलमा पारिदिए ।

महाधिवेशनमा नीति र सिद्धान्तबारे घनिभूत बहस हुनुपर्ने भए पनि प्रतिनिधिहरूको ध्यान मुख्यतः नेतृत्व चयनमै केन्द्रित हुने भएकाले नेकपा (एमाले) ले विधान अधिवेशन र नेतृत्व चयनको अधिवेशन बेग्लाबेग्लै गर्दै आएको छ । विधानमा दलको कुनै पनि कमिटीको

कार्यकारी पदमा ७० वर्ष पूरा भएको व्यक्ति उम्मेदवार हुन नपाउने व्यवस्था थियो । तर उक्त प्रावधान भदौ २१ र २२, २०८२ मा सम्पन्न विधान अधिवेशनमा विरोधका बाबजुद खारेज गरियो ।[१४] स्थायी कमिटी सदस्य कर्णबहादुर थापाले उक्त विधान महाधिवेशनमा फरक मत प्रस्तुत गर्दै नेतृत्वको स्वेच्छिक अवकाशको व्यवस्था नहुनु र उमेर वा कार्यकालको हद तोकेर पनि कार्यान्वयन नगर्नुले नेतृत्व हस्तान्तरण अवरुद्ध भएको निष्कर्ष निकाले ।[१५] तर यस्तो फरक मतलाई औपचारिक बहसको विषय बनाइनुको साटो नेतृत्वले त्यसलाई रोक लगाएको देखियो । विडम्बना के थियो भने महाधिवेशनले ७० वर्षको उमेर हदबन्दी खारेज गरेकै भोलिपल्ट नवयुवाले गरेको आन्दोलनले उनलाई सत्ताच्यूत गऱ्यो र दलमा पुस्तान्तरणको बहस पनि सतहमा ल्यायो ।

विधानको दुई कार्यकालवाला हदबन्दी प्रावधान त झन् अपारदर्शी ढंगले हटाइएको थियो । असोज २०७८ मा ललितपुरको गोदावरीमा सम्पन्न प्रथम विधान अधिवेशनले पारित गरेको विधानको धारा ६४ (१) मा पालिका वा सोभन्दा माथिल्लो कमिटीमा पदाधिकारीको हैसियतमा कार्यरत कुनै पनि व्यक्ति एउटै तह र एउटै पदमा दुई पटकभन्दा बढी उम्मेदवार हुन पाउने छैन भन्ने प्रावधान थियो ।[१६] सोही वर्ष चितवनमा भएको दशौँ महाधिवेशनले प्रथम विधान अधिवेशनले पारित गरेको विधान अक्षरशः अनुमोदन गरेको थियो । तर त्यसपछि प्रकाशित नेकपा (एमाले) को विधानमा धारा ६४ (१) को उक्त प्रावधान नै छैन ।

झनै विरोधाभासपूर्ण सन्दर्भ त के भने माधवकुमार नेपाल र झलनाथ खनाल नेतृत्वमा हुँदा दललाई लोकतान्त्रिक बनाउन तथा सामूहिक नेतृत्व प्रणाली लागू गर्न ओली स्वयंले महत्त्वपूर्ण भूमिका खेलेका थिए । विधानमा ७० वर्षे उमेर हद र दुई कार्यकालको सीमा राख्ने

---

[१४] नेकपा (एमाले) । २०७८ । *नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को विधान - २०४९ (प्रथम विधान महाधिवेशन, २०७८ असोज १५-१७ ललितपुर र दशौं राष्ट्रिय महाधिवेशन, २०७८ मङ्सिर १०-१४, चितवनबाट भएको संशोधनसहित)* । काठमाडौँ : नेकपा (एमाले), केन्द्रीय कार्यालय । https://system.cpnuml.org/parse-image/623?hash=$2y$10$qfm9j7XveTvU.2I2HqQ83eZk4/Pj0zjoslcngvipSO6mMlChDBYgu मा उपलब्ध; माघ २६, २०८२ मा हेरिएको ।

[१५] अनलाइनखबर । २०८२ । एमाले विधान महाधिवेशनमा कर्ण थापालाई फरक मत पेस गर्न रोक । भदौ २१ । https://www.onlinekhabar.com/2025/09/1757712/karna-thapa-barred-from-presenting-dissenting-opinions-at-uml-legislative-convention मा उपलब्ध; माघ १६, २०८२ मा हेरिएको ।

[१६] रातोपाटी । २०७८ । यस्तो छ एमालेको ८८ पृष्ठ लामो विधान (पूर्णपाठसहित) । कात्तिक २। https://www.ratopati.com/story/203423/uml-bidhan- मा उपलब्ध; माघ २९, २०८२ मा हेरिएको ।

प्रक्रियामा उनकै जोडबलमा भएको थियो । त्यतिबेला उनी ६० वर्षका थिए र अध्यक्षका आकांक्षी मात्र थिए । तर अहिले शक्ति केन्द्रमा स्थापित भएपछि उनले आफैले भित्र्याएको व्यवस्थालाई हटाउँदै आफूअनुकूल नीति-नियम संशोधन गरे ।[१७] आन्तरिक लोकतन्त्रको मर्मसँग कदापि मेल नखाने उनको यो कर्म थियो ।

विधान अधिवेशनमा ३०१ सदस्यीय केन्द्रीय कमिटी घटाएर २५१ बनाइएको थियो । तर मंसिरमा भएको राष्ट्रिय महाधिवेशनको दोस्रो दिन नै अध्यक्ष ओलीले केन्द्रीय कमिटी बैठक बोलाएर तीन महिनाअघि घटाइएको संख्या पुनः ३०१ पुऱ्याउने प्रस्ताव अघि सारे । १५ मा झारिएको पदाधिकारी संख्या पनि पुनः १९ नै बनाइयो । आफ्ना पक्षका आकांक्षी धेरै भएपछि तिनलाई व्यवस्थापन गर्न नसके अर्को समूहमा जाने खतरा देखेर उनले यस्तो गरेका थिए ।[१८] वरिष्ठ नेताहरूको विरोधका बाबजुद बन्दसत्रबाट उक्त निर्णय पारित गरियो । राजनीतिशास्त्री कृष्ण पोखरेलका शब्दमा यो अभ्यास "बहुमतको निरंकुशता" थियो ।[१९] अन्ततः औपचारिक मतदानमार्फत शक्ति केन्द्रीकरणलाई वैधता दिइयो ।

दलभित्रको शक्ति संरचनासँग जोडिएको अर्को महत्त्वपूर्ण घटनाक्रम पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सक्रिय राजनीतिमा फर्किने घोषणासँग सम्बन्धित छ । अध्यक्ष ओली स्वयं केन्द्रीय शक्तिमा निरन्तर रहिरहन खोजिरहँदा भण्डारीले सक्रिय राजनीतिमा आउने घोषणा गरेकी थिइन् । तर साउन २०८२ मा सम्पन्न केन्द्रीय कमिटी बैठकले भण्डारीलाई सक्रिय राजनीति प्रवेशमा बन्देज लगाउने निर्णय गऱ्यो ।

उमेर हद र कार्यकाल सीमा जस्ता व्यवस्थाहरू स्वयं लागू गराउने नेतृत्वले नै आफ्नो स्वार्थअनुकूल शक्ति निरन्तरताका लागि हटाउनु आन्तरिक लोकतन्त्रको मर्मसँग मेल खाँदैन । राजनीतिक विश्लेषक झलक सुवेदीका अनुसार ओली नेतृत्वमा नेकपा (एमाले) क्रमशः साँघुरिँदै गएको छ र बहुदलीय जनवादको संस्थागत अभ्यास कमजोर बन्दै गएको

---

[१७] ढकाल, अमित । २०८२ । देउवाले ओलीलाई नभनेको कुरा! *सेतोपाटी*, साउन ४ । https://www.setopati.com/opinion/364558 मा उपलब्ध; माघ २९, २०८२ मा हेरिएको ।

[१८] अनमोल, विपी । २०८२ । ओलीले नेता व्यवस्थापन गर्न विधान उल्ट्याए, उनकै समूह रहेन एकढिक्का । *उकालो*, मंसिर २९ । https://www.ukaalo.com/news/31176/ मा उपलब्ध; माघ १६, २०८२ मा हेरिएको ।

[१९] बीसी, गंगा । २०८२ । एमाले विधान महाधिवेशनबाट पारित विधान ३ महिनामै उल्टियो । *कान्तिपुर*, मंसिर २९ । https://ekantipur.com/politics/2025/12/15/the-statute-passed-by-the-uml-legislative-convention-was-overturned-within-3-months-05-21.html मा उपलब्ध; माघ १६, २०८२ मा हेरिएको ।

देखिन्छ ।[२०] उनका अनुसार ओली नेतृत्वकालमा निर्णय प्रक्रिया झनै केन्द्रीकृत भएको छ । औपचारिक रूपमा केन्द्रीय कमिटी भए पनि व्यवहारमा अध्यक्षको इच्छा सर्वोपरि हुने अभ्यास हाबी हुँदै गएको छ । यसले शक्ति संरचनालाई संस्थागत सन्तुलनबाट हटाएर व्यक्ति-केन्द्रित नियन्त्रणतर्फ उन्मुख बनाएको छ ।

समग्रमा, नेकपा (एमाले) को एघारौँ राष्ट्रिय महाधिवेशनले आन्तरिक लोकतन्त्रलाई विचार, नीति र संस्थागत बहसमार्फत सुदृढ गर्नेभन्दा नेतृत्व निरन्तरता, शक्ति व्यवस्थापन र केन्द्रीयतालाई प्राथमिकता दिएको देखिन्छ । यसको कारणबारे नेकपा (एमाले) का एक केन्द्रीय सदस्य नरेश रोकायाले भने, "नेतृत्व हस्तान्तरण भनेको केवल उमेरका आधारमा पद सुम्पनु होइन, अनुभव, ज्ञान र कर्मको हस्तान्तरण हो । नेकपा (एमाले) मा दोस्रो पुस्ताले मूल नेतृत्वमा दाबी नगरेकाले पुस्तान्तरण सम्भव भएन र पहिलो पुस्ता नै दोहोरियो ।"[२१] अघिल्लो पुस्ता स्वभावतः नेतृत्व छोड्न चाहँदैनथ्यो भने दोस्रो पुस्ता कमजोर भएकैले आफ्नो क्षमता र क्रियाशीलताबाट कार्यकर्तामा भरोसा दिलाई नेतृत्व लिन नसकेको उनको थप टिप्पणी थियो ।

जेन-जी आन्दोलनपछि सिर्जित नयाँ राजनीतिक परिवेशले राजनीतिक दलमा आन्तरिक लोकतन्त्र, रूपान्तरण, नेतृत्व पुस्तान्तरण तथा एक हदसम्म पुनर्गठनकै आवश्यकता देखाएको हो । तर जेन-जी विद्रोहलाई नेकपा (एमाले) का अध्यक्ष केपी ओलीले विध्वंसकारी तथा असंवैधानिक घटना मान्दै आएको सन्दर्भमा महाधिवेशनले उनको भनाइको दह्रो समर्थन गरेको सन्देश दियो । हुन त आन्दोलनलगत्तै उनकै दलको सचिवालय बैठकमा उनले दलको अध्यक्षबाट राजीनामा गरी नयाँ नेतृत्वका लागि मार्गप्रशस्त गर्नुपर्ने माग उठेको थियो ।[२२] त्यसैले पनि ओलीले केन्द्रीय समितिको म्याद पुग्नु एक वर्ष अगावै नयाँ महाधिवेशन गरेर आफूलाई अनुमोदन गराउन भने सफल भए । जेन-जी आन्दोलनका बखतमा सरकार र दल दुवैको प्रमुख भएकाले उनले आफू अद्यापि शक्तिशाली भएको देखाउनका लागि यो महाधिवेशन गराएका थिए । राजनीतिक विश्लेषक राजेन्द्र महर्जनका अनुसार नेकपा (एमाले) को एघारौँ महाधिवेशनले दलमा पुस्तान्तरण र पुनर्गठनको आवश्यकतालाई पूर्णतः बेवास्ता

---

[२०] सुवेदी, झलक । २०८२ । एमालेभित्र साँघुरिँदै गएको जनवाद । *अनलाइनखबर*, भदौ २० । https://www.onlinekhabar.com/2025/09/1757011/democracy-is-shrinking-within-the-uml मा उपलब्ध; माघ २९, २०८२ मा हेरिएको ।

[२१] रोकायासँग पुस २४, २०८२ मा गरिएको कुराकानी ।

[२२] काका, अक्षर । २०८२ । एमाले सचिवालय बैठकमा मागियो केपी ओलीको राजीनामा । *सेतोपाटी*, असोज २४ । https://www.setopati.com/politics/371359 मा उपलब्ध; माघ १९,२०८२ मा हेरिएको ।

गर्दै अध्यक्ष केपी शर्मा ओलीलाई जबर्जस्त पुनर्स्थापना गरेको र नेकपा (एमाले) मा सच्चिने वा रूपान्तरित हुने इच्छाशक्ति छैन भन्ने सन्देश दिएको छ ।[२३] प्रतिस्पर्धा औपचारिक रूपमा कायम रहे पनि विचार, नीति र फरक मतको लोकतान्त्रिक अभ्यास कमजोर हुँदा दल लोकतान्त्रिक संस्थाभन्दा शक्तिशाली व्यक्तिको वरिपरि केन्द्रित संगठन बन्ने जोखिम बढ्दै गएको छ ।

## *नेपाली काँग्रेस*

नेपाली काँग्रेसमा फागुन २०, २०७२ को तेह्रौँ महाधिवेशनबाट शेरबहादुर देउवा सभापति निर्वाचित भएका थिए । विधानअनुसार केन्द्रीय समितिको कार्यकाल ४ वर्ष भएकाले फागुन २०७६ भित्र चौधौँ महाधिवेशन भइसक्नु पर्थ्यो । तर, सभापति देउवाले सामान्य अवस्थामै पनि विधानमा असाधारण अवस्थाका लागि राखिएको विशेष व्यवस्था उपयोग गरेर कार्यकाल एक वर्ष लम्ब्याए । फागुन ७–१०, २०७७ मा हुने भनी तोकिएको महाधिवेशन क्रियाशील सदस्यता विवादका कारण भदौ ७–१०, २०७८ का लागि सारियो । तर, सदस्यता विवाद यथावतै रहेकाले महाधिवेशन पहिला भदौ १६–१९, २०७८ का लागि र पछि पुनः मंसिर ९–१३, २०७८ का लागि सारियो ।[२४] सदस्यता विवादका कारण जिल्ला तहमा महाधिवेशन गर्न कठिन भएपछि पटकपटक कार्यतालिका संशोधन गरी अन्त्यमा मंसिर २४, २०७८ मा महाधिवेशन गरियो । त्यतिबेला नेपाली काँग्रेसको विधानले दिएको म्यादअनुसार ४ वर्षे कार्यकाल र असाधारण अवस्थामा थप्न सकिने एक वर्षको अवधि दुवै सकिएको करिब ९ महिना भएको थियो । नेपालको संविधान र राजनीतिक दलसम्बन्धी ऐनले दलको महाधिवेशन ५ वर्ष र विशेष परिस्थितिमा ६ महिना थप्न सकिने भनेको छ र नेपाली काँग्रेसले सो पनि पार गरिसकेपछि महाधिवेशन गरेको थियो । २०४८ सालपछिका कुनै पनि महाधिवेशन विधानले दिएको ४ वर्षमा भएका छैनन्, तिनले निर्धारित मिति गुजारेकै छन् ।[२५]

---

[२३] महर्जनसँग माघ २६, २०८२ मा गरिएको कुराकानी ।

[२४] दाहाल, मणि । २०७८ । प्रमुख दललाई महाधिवेशनको चटारो । *कान्तिपुर*, असोज ११ । https://ekantipur.com/news/2021/09/27/163273333625659554.html मा उपलब्ध; माघ २०, २०८२ मा हेरिएको ।

[२५] भट्टराई, मधुसुधन । २०८२ । समयमै महाधिवेशन गर्न नसक्ने काँग्रेसका अनेक बहाना । *रातोपाटी*, भदौ १५ । https://www.ratopati.com/story/510219/congresss-many-excuses-for-not-being-able-to-hold-the-general-convention-on-time मा उपलब्ध; माघ १९,२०८२ मा हेरिएको ।

विधानतः मंसिर २०८२ मा पन्ध्रौँ महाधिवेशन गर्नुपर्ने भए पनि तत्कालीन केन्द्रीय समितिको संस्थापन पक्षले महाधिवेशन नगरी कार्यकाल लम्ब्याउन चाहेको स्पष्ट देखिएको थियो। महाधिवेशनपछि आफ्नो वर्चस्व गुम्ने भय त्यो पक्षलाई थियो। खासगरी तत्कालीन सभापति शेरबहादुर देउवाले दुई कार्यकाल पूरा गरिसकेको हुनाले उनी सभापति हुने कुनै गुञ्जायस थिएन र आफ्नो पक्षलाई बनाउन अनुकूल माहोल पनि उनले देखेका थिएनन्। राजनीतिक विश्लेषक तुलानारायण साहका अनुसार अहिले घोषित निर्वाचनमा नेकपा (एमाले) सँग गठबन्धन गरी जाने र नेपाली काँग्रेसका उम्मेदवारलाई टिकट आफैले बाँड्न पाए शक्तिको केन्द्रमा पछिसम्म पनि बस्न पाइन्छ भन्ने तृष्णा उनलाई थियो। शक्तिविहीन हुँदा मुद्दा मामिलामा फसिने डर पनि उनमा हाबी भएको अनुमान गर्छन्, साह।[२६] त्यसकारण पनि देउवा कुनै पनि हालतमा चुनावअघि महाधिवेशन नगरी कार्यकाल थप्न तत्पर देखिए।

जेन-जी आन्दोलनपश्चात दलभित्र महाधिवेशनबारे कुरा उठ्दा शेरबहादुर देउवा पक्षधर समूहले निर्वाचनको मुखमा त्यसो गर्न नसकिने तर्क गरे। ५२ प्रतिशतभन्दा बढी महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशन माग्दै हस्ताक्षर बुझाएपछि भने अब नियमित महाधिवेशन नै गर्ने हो भनियो।[२७] तर त्यसबमोजिम तयारी नगरी आलटाल गर्दै म्याद गुजार्ने काम मात्रै भयो र अन्त्यमा नभ्याइने भयो भन्ने निष्कर्ष निकाली पुनः विधानको धारा ४३ बमोजिम असाधारण अवस्था भन्दै वैशाखसम्म केन्द्रीय समितिको कार्यकाल बढाउने प्रस्ताव केन्द्रीय समितिमा बहुमतले पास गरियो। विशेष महाधिवेशनका पक्षधरहरुले यत्तिकै छोडेनन्। विशेष महाधिवेशनलाई पन्छाउन यावत् प्रयास असफल भएपछि नेपाली काँग्रेस संस्थापन पक्षले महामन्त्री थापा र शर्माका साथै सह-महामन्त्री फरमुल्लाह मंसुरलाई ५ वर्षका लागि दलबाट निष्कासनसमेत गर्‍यो।[२८] तर गगनकुमार थापा बिहानसम्म नेपाली काँग्रेसका महामन्त्री थिए, दिउँसो उनलाई दलले कारबाही गरेकाले साधारण सदस्य नै रहेनन् र साँझमा नेपाली काँग्रेसको दोस्रो विशेष महाधिवेशनले उनलाई सभापति बनायो।

---

[२६] साहसँग माघ १६, २०८२ मा गरिएको कुराकानी।

[२७] गोरखापत्र अनलाइन। २०८२। काँग्रेसमा विशेष महाधिवेशन मागः दुई हजार ४८८ जनाको हस्ताक्षर। असोज २९। https://www.gorkhapatraonline.com/news/175633 मा उपलब्ध; माघ १९,२०८२ मा हेरिएको।

[२८] नेपाली काँग्रेस। २०८२। नेपाली काँग्रेस केन्द्रीय समितिको २०८२ पुस ३० गते बसेको बैठकका निर्णयहरू। पुस ३०। https://www.nepalicongress.org/single/press-release/decisions-of-the-meeting-of-the-nepali-congress-central-working-committee-on-29-and-30-paush-2082 मा उपलब्ध; माघ १९,२०८२ मा हेरिएको।

यो समग्र प्रक्रिया नियाल्दा नेपाली काँग्रेसमा पनि हालसम्मको अभ्यासमा आन्तरिक लोकतन्त्र संकुचित रहेको स्पष्ट हुन्छ । तर यही असाधारण परिस्थितिबीच सम्पन्न विशेष महाधिवेशनले एउटा फरक राजनीतिक सन्देश पनि दियो । यस सन्दर्भमा राजनीति विश्लेषक राजेन्द्र महर्जनले भने, "नेपाली काँग्रेसको हालै सम्पन्न महाधिवेशनले दलको आन्तरिक संघर्षलाई तार्किक निष्कर्षमा पुऱ्याउन सकिन्छ भन्ने प्रमाणित गरेको छ । सडक तथा बौद्धिक विमर्शमा नेतृत्वको अक्षमता र पुरानो शैली प्रमुख मुद्दा बनेको अवस्थामा, नेतृत्वको सहज निकास भनेको पुस्तान्तरण नै हो भन्ने स्पष्ट सन्देश यस महाधिवेशनले दिएको छ । यद्यपि, नेतृत्व हस्तान्तरण मात्र पर्याप्त छैन; यसले सुशासन, लोकतन्त्रीकरण र पिँधका नागरिकका वास्तविक समस्यालाई कसरी सम्बोधन गर्छ भन्ने प्रश्न अझै अनुत्तरित नै छ ।"[२९]

नेपाली काँग्रेसमा नेतृत्व परिवर्तन र पुस्तान्तरणको बहस भए पनि व्यवहारमा अपेक्षित परिवर्तन हुन सकेको थिएन । दलको नेतृत्वमा अघिल्लो पुस्ताको वर्चश्व कायम थियो । नेपाली काँग्रेसको संस्थापन पक्ष परिवर्तनको पक्षमा थिएन तर दलभित्र शक्तिशाली नभएकाले महाधिवेशन या विशेष महाधिवेशन दुवै सामना गर्ने हिम्मत जुटाएन र अन्ततः राजनीतिक परिदृश्यबाट एक्कासि अनपेक्षित रूममा किनारा लाग्यो । असाधारण परिस्थितिमा भएको दोस्रो विशेष महाधिवेशनबाट नेपाली काँग्रेसको नेतृत्व परिवर्तन मात्रै भएन, त्यसमा पुस्तान्तरण पनि भयो । ७९ वर्षीय शेरबहादुर देउवाको ठाउँमा ४९ वर्षका गगनकुमार थापा सभापति निर्वाचित भए । परिवर्तित नेतृत्वबीच ३० वर्षको अन्तर देखिन्छ । त्यसबाहेक यो विशेष महाधिवेशनले दूरगामी नीतिगत निर्णय पनि गरेको छ । जस्तै, निर्वाचनअघि गठबन्धन नगर्ने, दलबाट कोही पनि दुई पटकभन्दा बढी प्रधानमन्त्री बन्न नपाइने, उम्मेदवार छनोटमा सदस्यका आधारमा प्राइमरी निर्वाचन गरी टुङ्ग्याइने, समानुपातिक प्रतिनिधित्वमार्फत सांसद हुन एक पटक मात्रै पाइने आदि ।[३०] यद्यपि, तिनको क्रियान्वयनमा नयाँ नेतृत्वले कसरी काम गर्छ र पछि हुने नियमित महाधिवेशनले यी निर्णयलाई कसरी लिन्छ भन्नेमा यी नयाँ नीतिको प्रभावकारिता निर्भर गर्छ । यो विशेष महाधिवेशनले नेपाली काँग्रेसलाई नयाँ दिशा दिने अवसर प्रदान गरेको छ, तर नयाँ नेतृत्वको सफलता व्यावहारिक काम र एकतामा निर्भर रहन्छ ।

---

[२९] महर्जनसँग माघ २६, २०८२ मा गरिएको कुराकानीमा आधारित ।

[३०] नेपाली काँग्रेस । २०८२ । *महामन्त्रीद्वारा प्रस्तुत समसामयिक राजनीतिक प्रस्तावः नेपाली काँग्रेस दोस्रो विशेष महाधिवेशन ।* काठमाडौं : नेपाली काँग्रेस ।

## *उमेर, लैङ्गिक, जातीय तथा क्षेत्रीय समावेशिता*

जेन-जी आन्दोलन पछिको परिवर्तित राजनीतिक सन्दर्भमा नेकपा (एमाले) को एघारौँ राष्ट्रिय महाधिवेशन र नेपाली काँग्रेसको दोस्रो विशेष महाधिवेशनलाई नेतृत्व परिवर्तन, युवा सहभागिता र आन्तरिक लोकतन्त्र पुनर्संरचनाको अवसरका रूपमा हेरिएको थियो। तर परिणामले ती अपेक्षा पूरा गर्न सकेन।

नेकपा (एमाले) मा केपी शर्मा ओली तेस्रो पटक पार्टी अध्यक्ष निर्वाचित भए। त्यसअनुसार नेतृत्व तहमा पुस्तान्तरण भएन र नीति तथा संगठनात्मक सुधार गौण बने। केन्द्रीय कमिटीमा युवा सहभागितासम्बन्धी तथ्यांकले पनि यो प्रवृत्ति अझ प्रस्ट पार्छ। राष्ट्रिय युवा नीति-२०८२ ले ३५ वर्षमुनिका नागरिकलाई युवा मानेको छ। नेकपा (एमाले) को केन्द्रीय कमिटीको पदाधिकारीको उम्मेदवारहरूमा ३५ वर्षमुनिका एक जना पनि थिएनन्। ५० वर्षमुनि मात्र एक जना (४१ वर्षीया रचना खड्का, जो सचिव पदकी प्रत्यासी थिइन्), ५०–५९ वर्ष उमेर समूहका १२, ६०–७० वर्षका २६ र ७१ वर्षमाथिका दुई जना थिए। ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ अनुसार ६० वर्षभन्दा माथिका व्यक्तिलाई ज्येष्ठ नागरिक मानेको छ र यी उम्मेदवारमध्ये २८ जना (६८.२९ %) त्यो समूहका व्यक्ति थिए। विशेष गरी अध्यक्ष पदका प्रमुख प्रत्यासी केपी शर्मा ओली र ईश्वर पोखरेल दुवै ७० वर्ष नाघेका थिए। यी तथ्यले एमाले नेतृत्वमा वृद्ध पुस्ताको प्रभुत्व र युवाको सीमित भूमिका उजागर गर्छ। अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) का एक केन्द्रीय सदस्य भन्छन्, "जबसम्म अवकाशको व्यवस्था हुँदैन, तबसम्म नेतृत्व हस्तान्तरण सहज हुँदैन।" उनका अनुसार सधैँ शक्तिमा बसेको नेतृत्वले आन्तरिक प्रतिस्पर्धामा पनि संरचनात्मक लाभ लिन्छ, जसले परिवर्तनको सम्भावना न्यून बनाउँछ।[३१]

लैङ्गिक समावेशिताको अवस्था पनि शक्ति संरचनाको चरित्र बुझ्न महत्त्वपूर्ण छ। संविधान र कानूनले राजनीतिक दलका सबै तहमा कम्तीमा एकतिहाइ महिला सहभागिता र विविधताको प्रतिबिम्ब सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेको छ। नेकपा (एमाले) को एघारौँ महाधिवेशनमा लैङ्गिक रूपमा पनि समावेशी देखिएन। पदाधिकारी उम्मेदवारमध्ये महिला सहभागिता जम्मा ९ प्रतिशत मात्र थियो। उपाध्यक्षमा एक र सचिवमा तीन गरी जम्मा चार महिलाको उम्मेदवारी परेको थियो। तीमध्ये सचिव पदकी एक उम्मेदवार मात्रै निर्वाचित भइन्। बाँकी १८ पदमा पुरुष निर्वाचित भए। भदौमा भएको विधान महाधिवेशनमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्नुपर्ने आवाज उठेको थियो। उक्त माग सम्बोधन

---

[३१] ती केन्द्रीय सदस्यसँग मंसिर २६, २०८२ मा गरिएको कुराकानी।

नगरेको भन्दै केही नेताहरूले विरोध पनि जनाएका थिए। एमाले केन्द्रीय कमिटी सदस्य विन्दा पाण्डे लगायतका नेताहरूले पनि लामो समयदेखि महिला सहभागिता जनसंख्याको आधारमा हुनुपर्ने माग राख्दै आएका छन्। महिलाको प्रतिनिधित्व बढाउनका लागि उपाध्यक्ष, महासचिव, सचिवमा र अन्य क्लस्टरको कोटा अनिवार्य गर्नुपर्ने माग छ।[३२] तर आन्तरिक नेतृत्वको प्रतिस्पर्धामै महिला सहभागिता सुनिश्चित गर्न भने एमालेले सकेको छैन।

त्यसैगरी, जातीय समावेशिताका दृष्टिले पनि पदाधिकारीमा खस/आर्य समुदायको वर्चस्व (३३ जना अथवा ७८.५७ प्रतिशत) कायम रह्यो। कुल उम्मेदवार (४१ जना) मध्ये सात जना (१७.०७ प्रतिशत) आदिवासी/जनजाति, एक जना (२.४३ प्रतिशत) मधेशी र दलित समुदायका एक जना (२.४३ प्रतिशत) थिए। चार महिलामध्ये एक जना आदिवासी/जनजाति समुदाय र बाँकी तीन खस/आर्य समुदायका थिए (हेर्नुहोस् तालिका १)। यसरी जातीय रूपमा पनि पदाधिकारी तहमा खस/आर्य समुदायको वर्चस्व कायम रह्यो। मुस्लिम लगायत अन्य सीमान्तकृत समुदायको उम्मेदवारी नै शून्य वा न्यून रहनुले शक्ति संरचना समावेशीभन्दा पनि परम्परागत वर्चस्वलाई पुनःउत्पादन गर्ने दिशामा उन्मुख रहेको देखियो।

नेपाली काँग्रेसको दोस्रो विशेष महाधिवेशनबाट एक सभापति, १३ पदाधिकारी र १२१ केन्द्रीय सदस्य निर्वाचित भएका थिए।[३३] नयाँ नेतृत्व अघिल्लो नेतृत्वको तुलनामा तुलनात्मक रूपमा समावेशी देखिएको छ। नेपाली काँग्रेसको इतिहासमा शैलजा आचार्यपछि उपसभापति हुने पुष्पा भुषाल दोस्रो महिला हुन्। आठ केन्द्रीय सह-महामन्त्रीमध्ये महिला, आदिवासी जनजाति, दलित, मधेशी, खस/आर्य, मुस्लिम, थारू र पिछडिएका क्षेत्रका प्रतिनिधिहरूलाई समावेश गरिएको छ। सह-महामन्त्री फरमुल्लाह मंसुर मुस्लिम समुदायबाट नेपाली काँग्रेसको पदाधिकारीमा निर्वाचित हुने पहिलो व्यक्ति हुन्।

तर, विशेष महाधिवेशनले नेतृत्व परिवर्तन र युवा सहभागिताको वकालत गरे पनि १३ पदाधिकारीमध्ये ३५ वर्षमुनिका एक जना पनि छैनन्। ५० वर्ष मुनिका दुई जना छन् : मुक्त कुमारी यादव (४८ वर्ष) र गगनकुमार थापा (४९ वर्ष)। पदाधिकारीमा ५०–६० वर्ष उमेर

---

[३२] पराजुली, अस्मिता। २०८२। पदाधिकारीमा महिला एमालेको 'देखाउने दाँत'मात्रै, केन्द्रीय कमिटीमा कति समेटिए? *खबरहब*, पुस ४। https://khabarhub.com/2025/19/900546/ मा उपलब्ध; माघ १४, २०८२ मा हेरिएको।

[३३] नेकपा (एकाले) र नेपाली काँग्रेस दुवै दलको केन्द्रीय सदस्यमा भने विभिन्न समावेशी समूहको आधारमा प्रतिनिधित्व सुनिश्चित गरिएको छ। यसमा महिला, अपाङ्गता भएका, पिछडिएका क्षेत्रका, युवा, खसआर्य, मधेशी, मुस्लिम, थारू लगायतको प्रतिनिधित्व रहेको छ। विशेष गरी युवा समूहको उल्लेख्य उपस्थिति देखिन्छ।

समूहको वर्चस्व देखिन्छ । उपसभापति विश्वप्रकाश शर्मा, महामन्त्री प्रदीप पौडेल र अन्य सह-महामन्त्रीसमेत सात जना यसै उमेर समूहका हुन् । ७० वर्षमुनिका तीन र ८० वर्षमुनिका (७४ वर्ष) एक जना छन् । विशेष महाधिवेशनले नेतृत्व परिवर्तन र पुस्तान्तरण त गऱ्यो, तर निर्णायक तहमा युवाको सहभागिता सुनिश्चित गर्न सकेन । जेन-जी आन्दोलनको पृष्ठभूमिमा भएको महाधिवेशनले पदाधिकारीमा युवा प्रतिनिधित्वलाई पर्याप्त स्थान दिएको देखिँदैन ।

लैङ्गिक दृष्टिकोणबाट हेर्दा, पदाधिकारी केही हदसम्म समावेशी देखिए पनि पूर्ण रूपमा समावेशी भने होइनन् । चौधौँ महाधिवेशनदेखि नै पदाधिकारीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्नुपर्ने आवाज उठिरहेको थियो । तर विशेष महाधिवेशनबाट १३ पदाधिकारीमध्ये केवल तीन जना (२३ प्रतिशत) महिला निर्वाचित भए । सभापति गगनकुमार थापाले उद्घाटन समारोहमा बहुमतले नीति र नेतृत्व बदल्ने अवसर विशेष महाधिवेशनलाई दिएको बताए पनि पदाधिकारीमा महिलाको सहभागिता अपेक्षाअनुरूप बढाइएन ।

समावेशी आधारमा सह-महामन्त्री चयन भए पनि, सभापति, उपसभापति र महामन्त्रीजस्ता निर्णायक पदमा खस/आर्य समुदायको वर्चस्व कायम छ । यी तीन पदमा निर्वाचित पाँच जनामध्ये चार पुरुष र एक महिला छन् । आठ सह-महामन्त्रीमध्ये दुई खस/आर्य समुदायका छन् । खुल्ला महिलामा पनि खस/आर्य समुदायलाई प्राथमिकता दिइएको देखिन्छ । यसरी पदाधिकारीमा सात जना (५४ प्रतिशत) खस/आर्य समुदायका छन् (हेर्नुहोस् तालिका १) । एउटा समुदायको बढी प्रतिनिधित्व हुनुले अन्य समुदायको प्रतिनिधित्व कम हुनुको संकेत गर्छ । यसले वर्चस्वशाली समुदायले आफ्नो संरचनात्मक लाभांशको आत्मसमीक्षा गर्नु आवश्यक देखाउँछ ।

**तालिका १ : नेकपा (एमाले) र नेपाली काँग्रेसका नवनिर्वाचित पदाधिकारीको उमेर, लैङ्गिक, जातीय तथा क्षेत्रीय समावेशिता**

| पार्टी | पद | नाम | उमेर | लैङ्गिकता | समावेशी समूह |
|---|---|---|---|---|---|
| नेकपा (एमाले) | अध्यक्ष | केपी शर्मा ओली | ७४ | पुरुष | खस/आर्य |
| | उपाध्यक्ष | पृथ्वी सुब्बा गुरुङ | ६८ | पुरुष | आदिवासी जनजाति |
| | | विष्णुप्रसाद पौडेल | ६६ | पुरुष | खस/आर्य |
| | | रामबहादुर थापा | ७० | पुरुष | आदिवासी जनजाति |
| | | गोकर्ण विष्ट | ६० | पुरुष | खस/आर्य |
| | | रघुजी पन्त | ६८ | पुरुष | खस/आर्य |
| | महासचिव | शंकर पोखरेल | ६३ | पुरुष | खस/आर्य |
| | उपमहासचिव | लेखराज भट्ट | ६६ | पुरुष | खस/आर्य |
| | | योगेश भट्टराई | ५९ | पुरुष | खस/आर्य |
| | | रघुवीर महासेठ | ६४ | पुरुष | मधेशी |
| | सचिव | महेश बस्नेत | ५१ | पुरुष | खस/आर्य |
| | | पद्माकुमारी अर्याल | ५७ | महिला | खस/आर्य |
| | | शेरधन राई | ५५ | पुरुष | आदिवासी जनजाति |
| | | यामलाल कँडेल | ६४ | पुरुष | खस/आर्य |
| | | राजन भट्टराई | ५७ | पुरुष | खस/आर्य |
| | | छविलाल विश्वकर्मा | ६३ | पुरुष | दलित |
| | | खगराज अधिकारी | ६४ | पुरुष | खस/आर्य |
| | | हिक्मत कार्की | ६१ | पुरुष | खस/आर्य |
| | | भानुभक्त ढकाल | ६४ | पुरुष | खस/आर्य |

| | | | | | |
|---|---|---|---|---|---|
| नेपाली काँग्रेस | सभापति | गगनकुमार थापा | ४९ | पुरुष | खस/आर्य |
| | उपसभापति | विश्व प्रकाश शर्मा | ५६ | पुरुष | खस/आर्य |
| | | पुष्पा भुषाल | ६५ | महिला | खस/आर्य |
| | महामन्त्री | प्रदीप पौडेल | ५० | पुरुष | खस/आर्य |
| | | गुरुराज घिमिरे | ५७ | पुरुष | खस/आर्य |
| | सह-महामन्त्री | डिला संग्रौला पन्त | ६३ | महिला | खस/आर्य |
| | | प्रकाश रसाईली स्नेही | ५० | पुरुष | दलित |
| | | बहादुर सिंह लामा | ५५ | पुरुष | आदिवासी जनजाति |
| | | उदय शम्शेर राणा | ५६ | पुरुष | खस/आर्य |
| | | मुक्ता कुमारी यादव | ४८ | महिला | मधेशी |
| | | फरमुल्लाह मंसुर | ७४ | पुरुष | मुस्लिम |
| | | योगेन्द्र चौधरी | ५१ | पुरुष | थारु |
| | | कर्णबहादुर बुढा | ६२ | पुरुष | पिछडिएको क्षेत्र |

*स्रोत : सम्बन्धित दलका सचिवालय ।*

## ५. निष्कर्ष

नेपालको लोकतान्त्रिक आन्दोलनमा नेपाली काँग्रेस र नेकपा (एमाले) को अत्यन्त महत्त्वपूर्ण योगदान छ । राणाकालदेखि नै मुलुकमा लोकतन्त्र स्थापनाका लागि संघर्षरत यी दलले त्यसपछि पञ्चायतकाल, राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनकालविरुद्ध संघर्षको प्रखर नेतृत्व गरेका थिए । मुलुकमा लोकतन्त्र संस्थागत गर्नमा पनि यिनको केन्द्रीय भूमिका रह्यो । यद्यपि, पछिल्लो समयको नेपाली राजनीतिमा लामो समयदेखि एउटै पुस्ता र व्यक्तिहरू दल र सरकार दुवैको नेतृत्वमा थिए र तिनको कार्यसम्पादन पनि चित्त बुझ्दो थिएन । नागरिकका यस्तै असन्तोष चुलिँदै जाँदा जेन-जी आन्दोलनको पृष्ठभूमि तयार हुन पुग्यो ।

त्यसपछि परिवर्तित राजनीतिक परिवेशले दलभित्र आन्तरिक लोकतन्त्र, रूपान्तरण, नेतृत्व पुस्तान्तरण र एक हदसम्म पुनर्गठनकै आवश्यकता उजागर गऱ्यो । यही सन्दर्भमा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले एक वर्ष अगावै महाधिवेशन गरी आफूलाई पुनः अनुमोदन गराउन सफल भए । जेन-जी आन्दोलनका बेला सरकार र दल दुवैको नेतृत्व आफ्नै हातमा रहेकाले उनले आफ्नो शक्ति पुनः पुष्टि गर्ने रणनीतिका रूपमा यो महाधिवेशनलाई प्रयोग गरेको बुझिन्छ । राजीनामा दिई नयाँ अध्यक्षका लागि मार्गप्रशस्त गर्नुपर्ने माग दलभित्रै उठेपछि ओलीले यो कदम उठाएका थिए ।

आन्दोलनका बेलामा सत्ता साझेदार रहेको नेपाली काँग्रेसमा पनि सोही किसिमको परिस्थिति थियो । तर महाधिवेशनमा जाने साहस गर्न संस्थापन पक्षले सकेन । त्यसपछि महामन्त्री द्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माको नेतृत्वमा विशेष महाधिवेशनको प्रक्रिया अघि बढेको थियो । दल विभाजन हुने सम्मको जोखिम मोलेर यी दुई महामन्त्रीले चालेको कदमले सार्थकता र नेपाली काँग्रेसले नयाँ नेतृत्व पाएको छ । जेन-जी आन्दोलनपछि नेपाली राजनीतिक वृत्तमा देखिने गरी प्रभाव परेको यो नै एक प्रमुख घटना हो ।

जेन-जी आन्दोलनपछि दलको भूमिकामाथि पनि प्रश्न उठे । नेपाली काँग्रेस र नेकपा (एमाले) ले क्रमशः विशेष महाधिवेशन र नियमित महाधिवेशन गरी नेतृत्व र नीतिको अनुमोदन गरे पनि यी प्रक्रियालाई मिहीन गरी विश्लेषण गर्ने हो भने विधिको सर्वोच्चता लत्याउँदै गुटगत र व्यक्तिगत स्वार्थ बढाएका उदाहरण प्रशस्त देखिन्छ । नेपाली काँग्रेसको

संस्थापन पक्ष परिवर्तनप्रति इच्छुक नदेखिए पनि दलभित्र शक्ति सन्तुलन आफ्नो पक्षमा नरहेकाले महाधिवेशन वा विशेष महाधिवेशन दुवैको सामना गर्न नसकी अन्ततः राजनीतिक परिदृश्यबाट अनपेक्षित रूपमा किनारा लाग्न पुग्यो । आफ्नै कार्यकर्ताको भावना नबुझेकाले यस्तो परिस्थिति सिर्जना भएको हो ।

अन्य राजनीतिक दलले नेतृत्व र नीति अनुमोदन गर्न बाँकी नै छ । असाधारण अवस्थामा थप्न सकिने केन्द्रीय समितिको कार्यकाल थपिरहने, आफ्नो अनुकूल हुने गरी विधानका हरफहरू नै बदलिरहने अभ्यासले दलको आन्तरिक लोकतन्त्र उदाङ्गो पारेको छ ।

नेकपा (एमाले) को एघारौँ राष्ट्रिय महाधिवेशनले नेतृत्व परिवर्तन र आन्तरिक लोकतन्त्र सुदृढीकरणको अपेक्षा पूरा गर्न सकेन । यसले दलभित्र नेतृत्व विकास, पुस्तान्तरण र अवकाश संस्कारको अभावलाई पुनः उजागर गरेको छ । अझै आफू पदमा टिकिरहनका लागि विधानले छेकेको ७० वर्ष उमेरको हद र दुई कार्यकालको सीमा दुवै उल्लंघन गर्न केपी ओलीले महाधिवेशनलाई उपयोग गरे । नेकपा (एमाले) को अध्यक्षमा केपी शर्मा ओली तेस्रो पटक अध्यक्ष भएपछि एकै व्यक्ति बढीमा दुई कार्यकाल मात्रै अध्यक्ष बन्न पाउने व्यवस्था कानूनमै हुनुपर्ने बहस उठेको छ ।

महिला, दलित, मुस्लिम, आदिवासी जनजाति लगायत सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता बिना लोकतन्त्र अपूरो रहने तथ्य हुँदाहुँदै पनि दुवै दलका महाधिवेशनले नेतृत्व तहमा तात्विक समावेशिता देखाउन सकेनन् । संविधानले सुनिश्चित गरेका समावेशी व्यवस्था कार्यान्वयन राजनीतिक दलहरूमा अझै कमजोर रहेको, र नेपाली काँग्रेस र नेकपा (एमाले) मा जस्तै अन्य पुराना दलहरूमा पनि निश्चित समुदाय, लिङ्ग, उमेर र वर्गको वर्चस्व कायम रहेको यथार्थ यसले पुनः पुष्टि गरेको छ । दीर्घकालीन रूपमा लोकतान्त्रिक दल निर्माणका लागि निश्चित समयावधि, उमेर हद, फरक मतको संस्थागत सम्मान, तथा महिला र सीमान्तकृत समुदायको निर्णायक तहमा बाध्यकारी सहभागिता सुनिश्चित गर्ने संरचनात्मक सुधार अपरिहार्य देखिन्छ । यस्ता सुधार बिना नेतृत्व परिवर्तनको अपेक्षा केवल बहसमा सीमित रहने र लोकतान्त्रिक क्षयको जोखिम अझै गहिरिँदै जाने संकेत यी महाधिवेशनले दिएका छन् । नेपाली काँग्रेसमा लोकतान्त्रिक अभ्यासको अभावकै बीच विशेष अधिवेशन सम्पन्न भई नयाँ नेतृत्वसहित नयाँ संरचना बनेको छ । यसले दलभित्र लोकतान्त्रिक अभ्यासलाई कत्तिको संस्थागत गर्न सक्छ भनेर हेर्न बाँकी नै छ ।

सन् २०१४ मा स्थापित डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) सामाजिक र राजनीतिक विषयमा अध्ययन-अनुसन्धान गर्ने राष्ट्रिय गैर-सरकारी संस्था हो । स्थापनाकालदेखि यस संस्थाले नेपालको संक्रमणकालीन राजनीतिमा संघीयता कार्यान्वयनको प्रक्रिया, स्थानीय तह पुनःसंरचना, निर्वाचन पर्यवेक्षण, जस्ता विषयमा स्थलगत र तथ्यमा आधारित अध्ययन-अनुसन्धान गरेको छ । डीआरसीएनले अध्ययन-अनुसन्धानका निष्कर्ष सरोकारवालाहरूसँग प्रस्तुत गर्ने, छलफल र बहस पनि चलाउने गरेको छ । यस्ता अनुसन्धान कार्य र बहसमार्फत नेपालको संघीय संरचना अन्तर्गत प्रभावकारी शासन पद्धतिको प्रवर्द्धन गर्नु डीआरसीएनको लक्ष्य हो ।

DEMOCRACY
RESOURCE CENTER

**डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल**
ललितपुर, नेपाल
फोन : +९७७-१-५९०२२८६
info@democracyresource.org
https://www.democracyresource.org/